☎ ०१५५२१३२३
०१५०१०१२४

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

www.doanepal.gov.np

# कृषि विभाग

हरिहरभवन, पुल्चोक, ललितपुर

मिति:२०७९/११/२५

पत्र संख्या :- ०७९/८०
चलानी नं. :- ३३२

उद्योग, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. १, विराटनगर
दर्ता नं. : ९५९९
दर्ता मिति २०७९/११/२५

श्री उद्योग, कृषि तथा सहकारी मन्त्रालय, कोशी प्रदेश
श्री भूमी व्यवस्था, कृषी तथा सहकारी मन्त्रालय, मधेश प्रदेश
श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश
श्री कृषि, उर्जा तथा जलस्रोत मन्त्रालय, गण्डकी प्रदेश
श्री कृषि तथा भूमी व्यवस्था मन्त्रालय, लुम्बिनी प्रदेश
श्री भूमी व्यवस्था, कृषी तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश
श्री भूमी व्यवस्था, कृषी तथा सहकारी मन्त्रालय, सुदुरपश्चिम प्रदेश

विषय: सूचना प्रकाशन सम्बन्धी ।

"प्राङ्गारिक तथा जीवाणु मल अनलाईन आवेदन तथा व्यवस्थापन सफ्टवेयर" प्राङ्गारिक तथा जीवाणु मलको सूचीकरण तथा पैठारीमा व्यवस्थापनको काममा सहजिकरणका लागि यस विभागद्वारा निर्माण गरिएको हो । यो प्रणालीद्वारा निवेदन पेश गर्न आवेदकको सहजताका लागि प्राङ्गारिक तथा जीवाणु मल अनलाईन आवेदन तथा व्यवस्थापन सफ्टवेयर सञ्चालन सम्बन्धी उत्पादक तथा आयातकर्तालाई सूचना तँहा मन्त्रालयको वेबसाईटमा प्रकाशन गरीदिनु हुन निर्देशनानुसार अनुरोध छ । साथै सूचनाको छाँयाप्रती यसै पत्रसाथ संलग्न रहेको व्यवहोरा जानकारी छ ।प्रदेश मन्त्रालयले यो प्रणाली सञ्चलन गर्ने प्रक्रियाको छाँयाप्रती पनि यसै पत्रसाथ संलग्न रहेको व्यवहोरा जानकारी छ ।

सन्जना ठाकुर
बागवानी विकास अधिकृत

श्री खाद्य सुरक्षा महाशाखा
यो सफ्टवेयर सञ्चालनका लागि महाशाखाबाट एक जना अधिकृत तोकी कृषि विभागसँग समन्वय गर्दै सञ्चालन तथा व्यवस्थापन गर्ने लेखि पठाउनु जानकारी छ
०७९/११/२८

सादर अवगतार्थ:
महानिर्देशकज्यू, कृषि विभाग
उप-महानिर्देशक, कृषि विभाग

## प्राङ्गारिक तथा जीवाणु मल अनलाईन आवेदन तथा व्यवस्थापन सफ्टवेयर सञ्चालन सम्बन्धी उत्पादक तथा आयातकर्तालाई सूचना

"प्राङ्गारिक तथा जीवाणु मल अनलाईन आवेदन तथा व्यवस्थापन सफ्टवेयर" प्राङ्गारिक तथा जीवाणु मलको सूचीकरण तथा पैठारीमा व्यवस्थापनको काम गर्ने गरि कृषि विभागद्वारा निर्मित प्रणाली हो। यस प्रणाली अन्तर्गत स्वदेशी उत्पादकले मल सूचीकरण तथा आयातकर्ताले पैठारीको लागि निवेदन र आवश्यक कागजातहरु अनलाईन पेश गर्न सक्नुहुनेछ।

यस प्रणाली प्राङ्गारिक तथा जीवाणु मल निर्देशिका, २०७८ बमोजिम बनाईएको छ।

यो प्रणाली अन्तर्गत निम्न तीन स्तरमा मल सूचीकरण तथा पैठारीको लागि निवेदन पेश गर्न सक्नुहुनेछ।

१. स्थानीय तहमा गोठे तथा प्राङ्गारिक मल (वार्षिक उत्पादन ५०० टन भन्दा कम) सूचीकरण
२. प्रदेश मन्त्रालय अन्तर्गत प्राङ्गारिक मल (वार्षिक उत्पादन ५०० टन वा सो भन्दा बढी) तथा जीवाणु मल सूचीकरण
३. कृषि विभाग अन्तर्गत प्राङ्गारिक तथा जीवाणु मल पैठारी गर्न अनुमति

यस प्रणालीमा निम्न चरणहरुबाट समावेश हुन सकिनेछ।

१. कुनै पनि Browser मा गएर **http://ofmis.gov.np/** टाईप गर्नुहोस अथवा कृषि विभागको website मा गएर **OFMIS login** मा Click गर्नुहोस।
२. "रजिस्टर गर्नुहोस" मा Click गरेर आफ्नो विवरण सहित आफ्नो ID रजिस्टर गर्नुहोस।
३. रजिस्टर गरिसकेपछि तपाईले आफ्नो आवश्यकता अनुसार सूचीकरण तथा पैठारीको लागि आवश्यक कागजात पेश गर्नुहोस।
४. पेश भएको विवरण अनुसार सम्बन्धित निकायले आवश्यक प्रक्रिया पुरा गरेर प्रमाणपत्र जारी गरे पश्चात तपाईले आफ्नो सूचीकरण पत्र / पैठारी पत्र प्राप्त गर्न सक्नुहुनेछ।

थप जानकारीको लागि कृषि विभाग, हरिहरभवन, ललितपुरमा सम्पर्क गर्न सकिनेछ।

सम्पर्क व्यक्तिः सन्जना ठाकुर (बाग. वि. अ.)

सम्पर्क नं. : ९८४१४२४७५७

email : thakurdoa79@gmail.com

सफ्टवेयर सम्बन्धी थप जानकारी र केहि समस्या देखिएमा तपसिलको सम्पर्क व्यक्तिलाई सम्पर्क गर्न सकिनेछ।

सम्पर्क व्यक्तिः **किरण बमनू (कार्यकम प्रबन्धक)**

ड्रिमवर्क सोलुशन

सम्पर्क नं. : ९८५५०२४१५८

email : kiranbamanu@gmail.com

dws.com.np

Thakur